माण्डवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान

लुम्बिनी, प्रदेश नेपाल

## करार सेवामा शिक्षक पदपूर्तिका लागि दरखास्त आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०७**

प्रस्तुत विषयमा माण्डवी गाउँपालिकाको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत रहेको श्री कामाक्षी माध्यमिक विद्यालयमा र नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा रिक्त रहेको तपशिल अनुसारको पदमा खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक, योग्य, दक्ष नेपाली नागरिकहरु बाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।दरखास्त फारम यस कार्यालयको वेबसाइट www.mandavimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपशिल**

**१. पदको विवरण**

| सि.नं. | विज्ञापन नं . | पद | तह | विषय | पद संख्या | परिक्षा दस्तुर(.रु) |
|---|---|---|---|---|---|---|
| ०१ | १२/०८०/८१ | गा.पा अनुदान शिक्षक | नि.मा.वि. | विज्ञान | १ | ७००/- |
| ०२ | १३/०८०/८१ | गा.पा अनुदान शिक्षक | नि.मा.वि. | सामाजिक | १ | ७००/- |

**२.आवश्यक न्युनतम शैक्षिक योग्यता :**

***विज्ञान विषयको लागिः*** नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय लिई प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

***सामाजिक विषयको लागिः*** नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सामाजिक विषय लिई प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको । सामाजिक अध्ययन विषय अन्तर्गत अर्थशास्त्र, इतिहास, ग्रामीण विकास, भूगोल, नागरिकशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, नीतिशास्त्र, मनोविज्ञान मानवशास्त्र, वातावरण शिक्षा, स्वास्थ्य शिक्षा, शारीरिक शिक्षा, संस्कृती, समाजशास्त्र, जनसङ्ख्या शिक्षा, र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयहरू पर्दछन् ।

**३. आवश्यक कागजात** (क) नेपाली नागरिकताको प्रमाण पत्र ख) हालसालै खिचिएको पासपोर्टसाइजको ३ प्रति फोटो (ग) शैक्षिक योग्यताको प्रमाणपत्रहरु घ) अध्यापन अनुमति पत्र ङ) अनुभवका प्रमाणपत्रहरु च) दरखास्त दस्तुर बुझाएको नगदी रसिद उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू २ प्रति स्वयं प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्नुपर्नेछ ।

**४. परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता ।

**५. उमेर हद** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**६. दरखास्त दिने अन्तिम मितिः** २०८०/१०/२१ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन ।

**७.सम्पर्क मिति** : २०८०/१०/२२ गते, लिखित परिक्षाको मिति सम्पर्क मितिमा तोकिनेछ ।

**८. तलब स्केल** :गाउँपालिको नियम अनुसार ।

**९. करार अवधि** :नियुक्ति लिएको मितिदेखि छ महिना सम्म ।

**१०. परीक्षाको पाठ्यक्रमः** शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार हुनेछ ।

**११.थप जानकारीको लागि सम्पर्क नं** :.९८५७८३६००६ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

नि.प्रमुख प्रशासकिय अधिकृत